**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# 'थवाङ्को आकाशमुनि' कथामा सीमान्तीयता

विष्णुप्रसाद शर्मा
पृथ्वीनारायण क्याम्पस, पोखरा
त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: sharmabishnu997@gmail.com

**Article History: Received:** 29 August 2021; **Revised:** 26 November 2021; **Accepted:** 28 November 2021

**लेखसार**

प्रस्तुत अनुसन्धानमूलक आलेखमा सीमान्तीय सिद्धान्तका आधारमा 'थवाङ्को आकाशमुनि' कथाको विश्लेषण गरिएको छ । 'थवाङ्को आकाशमुनि' कथामा सीमान्तीयताको खोजी गर्नु र उक्त कथालाई सीमान्तीय पक्ष (आर्थिक, वैचारिक, लैङ्गिक, उमेरगत (बाल, बृद्ध), पहिचान, प्रभुत्व, आवाज) का आधारमा निरूपण गर्नु प्रस्तुत अनुसन्धानको मूल उद्देश्य हो । प्रस्तुत अनुसन्धान गुणात्मक ढाँचा, व्याख्यावादी दर्शन र निगमनात्मक पद्धतिमा आधारित भएकाले पुस्तकालयीय कार्यमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतका सामग्री सङ्कलन गरी सीमान्तीय अध्ययन गरिएको छ । पूर्व अध्येतासँग संवाद गर्दै तर्क र साक्ष्यलाई लम्बीय र क्षितिजीय आधारमा प्रस्तुत गरी आलेख तयार गरिएको छ । तथ्याङ्कको विश्लेषणका आधारमा 'थवाङ्को आकाशमुनि' कथामा वर्गीय, लैङ्गिक र वैचारिक सीमान्तीयता सघन रूपमा देखिन्छ भने भौगोलिक, उमेरगत र शैक्षिक सीमान्तीयता वर्गीय सीमान्तीयतासँगै सम्बन्धित भएर आएका छन् । कथामा सीमान्त वर्ग/पात्रको आवाज र प्रतिरोधी क्षमता भए पनि तिनको पहिचान र सम्बोधन भएको छैन । कथामा लेखक पक्षधरता सीमान्त पात्रप्रति देखिन्छ । सम्भ्रान्त वर्गका कैरनका कारण कथामा सीमान्त पात्र उपेक्षित मात्र होइन, प्राण उत्सर्ग गर्न बाध्य छन् । कथामा सीमान्त पात्र सङ्गठित हुन नसक्नु र सम्भ्रान्त वर्गका कैरन विरुद्ध कडा प्रतिरोध गर्न नसक्नाले पनि उनीहरूको आवाज मौन संस्कृतिका रूपमा रहेको छ । कथामा प्रभुताको उपयोग सम्भ्रान्त वर्गले मात्र गरेको छ तर सीमान्त वर्ग सदियौँदेखि सुविधाबाट वञ्चित छ । सीमान्तीय समालोचनाका सैद्धान्तिक र व्यावहारिक पक्षबारे रुचि राख्ने अध्येताहरूका लागि प्रस्तुत अनुसन्धान उपयोगी हुने देखिन्छ ।

***मुख्य शब्दावली :*** आवाज, किनारीकृत, पहिचान, प्रतिरोध, प्रभुता

## परिचय

हरिहर खनाल (२००३) आधुनिक नेपाली कथाको प्रगतिवादी धाराका क्रियाशील कथाकारका रूपमा चिनिन्छन् । नेपाली साहित्यका कविता, निबन्ध, संस्मरण आदि विधामा कलम चलाएका खनालको बढी रुचिको विधा कथा नै हो (इस्माली र गौतम, २०७२, पृ. १४२) । खनालद्वारा लिखित 'थवाङ्को आकाशमुनि' कथाको परिवेश नेपालको मध्यपश्चिम क्षेत्रमा रहेको 'थवाङ्' गाउँ तथा युद्धकालीन

*Copyright 2021 ©Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

समयमा केन्द्रित छ भने कथा सांस्कृतिक र सामाजिक विषयमा आधारित सीमान्तीय चिन्तनसँग सम्बन्धित देखिन्छ । यस कथालाई यस आलेखमा सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । सीमान्तीय अर्थात् अवरजनको अर्थ राज्यभित्रको पिछडिएको वर्ग, आवाजविहीन वर्ग तथा राज्यको शक्तिसम्म पहुँच नहुनेहरू भन्ने हुन्छ (शर्मा, २०७०, पृ. ३१५) । सीमान्तीयताको पर्याय सबाल्टर्न पदावलीले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेका श्रमिक, सर्वहारा र उत्पीडित वर्गलाई बुझाएको पाइन्छ । यसरी राज्यको मूल धारभन्दा बाहिर रहेको वर्ग/समूह/व्यक्तिका दिनचर्यालाई विषय बनाएर लेखिएका साहित्य सीमान्तीय साहित्य हुन् र त्यस्ता साहित्यमा सीमान्तीयताको खोजी गर्ने कार्य सीमान्तीय समालोचनामा गरिन्छ ।

सीमान्तीय अध्ययन उत्तरआधुनिक चिन्तन तथा उत्तरउपनिवेशवादसँग पनि सम्बन्धित देखिन्छ । यसै चिन्तनसँग सम्बन्धित भएर 'थवाङ्को आकाशमुनि' कथा लेखिएको र यसमा केन्द्रित भएर सीमान्तीय अध्ययन गरेका कार्य यस अध्येताले प्राप्त नगरेका कारण प्रस्तुत अनुसन्धानको औचित्य र ज्ञानको अन्तराल देखिन्छ । यस अध्ययनबाट नेपाली समालोचनाका क्षेत्रमा थप योगदान पुऱ्याउन सहयोग पुग्ने भएका कारण अध्ययनको महत्व पुष्टि हुन्छ । अनुसन्धानमा 'थवाङ्को आकाशमुनि' कथालाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गर्ने उद्देश्य राखिएको छ । प्रस्तुत अनुसन्धान गुणात्मक ढाँचा र व्याख्यावादी दर्शनमा आधारित छ । अनुसन्धानमा पूर्व अध्येताले गरेका कार्यलाई आधार बनाउँदै तर्क र साक्ष्यका आधारमा प्राज्ञिक जिज्ञासाको खोजी गरी निष्कर्षमा पुगिएको छ । अनुसन्धानबाट नेपाली समालोचनाको बहुलवादी प्रवृत्ति बुझ्न र सोअनुसार व्यावहारिक क्षेत्रमा सीमान्तीय चिन्तनको उपयोग गर्न सहयोग मिल्ने देखिन्छ ।

'थवाङ्को आकाशमुनि' कथामा सीमान्तीयताको अवस्था कस्तो छ साथै कथालाई सीमान्तीय अध्ययनका आधार (आर्थिक, वैचारिक, शैक्षिक, जातीय, लैङ्गिक, उमेरगत आदि) मा के कसरी विश्लेषण गर्न सकिन्छ र उक्त कथामा प्रयुक्त पात्र/वर्गको स्थान, प्रभुत्व र आवाजको अवस्था कस्तो छ भन्ने विषयको निरूपण हुनु जरुरी छ । उक्त कथामा सीमान्तीय पात्र/वर्गको अवस्था कस्तो छ, अवर जनसूचक पात्रहरूको प्रतिनिधित्व र चारित्रिक अभिलक्षण के कस्ता छन्, सीमान्त पात्रहरू वाचाल छन् या मौन छन्, उनीहरू कति हदसम्म स्वतन्त्र वा स्वाधीन छन्, कृतिमा सीमान्तीय पात्रहरूको सामर्थ्य र सम्भावना कस्तो छ, सम्भ्रान्त वर्ग वा माथिल्ला वर्गका कैरन के कस्ता छन्, अवरजनको भाषा कस्तो छ, लेखकको पक्षधरता सीमान्त वर्गप्रति छ या सम्भ्रान्त वर्गप्रति छ जस्ता प्राज्ञिक प्रश्नको खोजी हुनु आवश्यक देखिन्छ । अतः यिनै प्राज्ञिक जिज्ञासा/समस्याकथनसँग सम्बन्धित प्रस्तुत अनुसन्धानका उद्देश्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) 'थवाङ्को आकाशमुनि' कथामा सीमान्तीय पक्षको खोजी गर्नु,

ख) उक्त कथालाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गर्नु,

ग) कथामा प्रयुक्त सीमान्त वर्ग/पात्रको स्थान, प्रभुत्व, प्रतिरोध र आवाजको स्थिति पहिल्याउनु ।

## पूर्वकार्यको समीक्षा

सीमान्तीय अध्ययन उत्तरआधुनिक साहित्य समालोचनाअन्तर्गत बहुलवादी चिन्तनको एक प्रवृत्ति विशेष हो । सीमान्तीयता अर्थात् सबाल्टर्नको अर्थ समाजमा हेपिएका, तल पारिएका र अधीनस्थ वा आवाजविहीन वर्ग, व्यक्ति वा समुदाय भन्ने हुन्छ (चालिसे, सन् २०२०, पृ. २५) । यस अध्ययन/सिद्धान्तको सम्बन्ध उत्तरउपनिवेशवाद तथा सांस्कृतिक अध्ययनसँग पनि रहेको देखिन्छ । सीमान्तीय अध्ययनसँग सम्बन्धित केही पूर्वकार्य र तिनको समीक्षालाई निम्नानुसार क्रमशः उल्लेख गरिएको छ ।

त्रिपाठी (२०६७) द्वारा 'काँचको गिलास' कथामा सीमान्तीकृत चिन्तनको प्रयोग' शीर्षकमा आधारित अध्ययनमा अमर न्यौपानेद्वारा लिखित पानीको घाम (२०६६) कथा सङ्ग्रहमा सङ्गृहीत 'काँचको गिलास' कथाको सीमान्तीय अध्ययन गरिएको छ । गुणात्मक अनुसन्धानमा आधारित उक्त अध्ययनमा सीमान्तीय सिद्धान्तका आधारमा कथाको समीक्षा गरिएको छ । यस्तै, सुब्बा (सेप्टेम्बर २०११) द्वारा 'केन्द्र बनाम किनारा' शीर्षकमा गरिएको अध्ययनमा सीमान्तीकृतलाई किनारीकृत भनिएको छ । पौराणिक तथा धार्मिक ग्रन्थ साथै सम्भ्रान्त वर्गले अर्थ, जात र विचारका आधारमा विभेद गरेको एवम् शक्ति सम्पन्न र ाष्ट्रहरूले आफ्नो प्रभुताका कारण शक्तिहीन राष्ट्रमाथि विभेद गरेको धारणा अध्ययनमा पाइन्छ । यसै गरी श्रेष्ठ (२०६८) द्वारा शक्ति, स्रष्टा र सबाल्टर्न शीर्षकमा आधारित पुस्तकमा सबाल्टर्न अध्ययनको इतिहास र यसको वर्तमान प्रयोगका विषयमा विस्तृत चर्चा गरिएको छ । शर्मा (२०७०) द्वारा 'अवरजन अध्ययन र साहित्य' शीर्षकमा आधारित भएर गरिएको अध्ययनमा अवरजनको अर्थ र परिभाषा, अवर जनको ऐतिहासिक सन्दर्भ, अवरजन अध्ययनको साहित्यमा प्रयोगलगायत पक्षमा उल्लेख पाइन्छ ।

अनुवादकद्वय आचार्य र पाण्डे (२०७२) द्वारा क्रमशः 'बुद्धिजीवीको निर्माण एन्टोनियो ग्राम्ची' र ' विचारधारा र राज्यका विचारधाराका अङ्गहरू' नामक लेखमा नवमार्क्सवादी चिन्तनका सन्दर्भबाट सबाल्टर्नलाई हेरिएको छ । ग्राम्सीले 'प्रभुता' र अल्थुसरले 'विचारधारा'लाई महत्व दिएको तथ्य अध्ययनमा पाइन्छ । यसै गरी पाण्डेय (२०७३) द्वारा 'साल्गीको बलात्कृत आँसु कथाको बहुसांस्कृतिक अध्ययन' शीर्षकमा आधारित अध्ययनमा कथाको वर्गीय, लैङ्गिक र सांस्कृतिक अध्ययन गरिएको छ । यस्तै, बराल (२०७३) द्वारा मार्क्सवाद र सबाल्टर्न अध्ययन शीर्षकमा आधारित भएर गरिएको अध्ययनमा मार्क्सवादी कोणबाट सीमान्तीय अध्ययन गरिएको छ । त्रिपाठी (२०७५) द्वारा प्रस्तुत 'अनलाइन शिक्षण सामग्री' मा सीमान्तीय शब्दको अर्थ र व्युत्पत्ति, परम्परा, प्रयोग, वर्तमान अवस्था र सीमान्तीय सिद्धान्तका आधारमा कृतिको विश्लेषण गर्ने तरिका सुझाइएको छ । यसै गरी ज्ञवाली (२०७५) द्वारा ' पछबरिया टोल कथामा सीमान्तीयता' तथा शर्मा (२०७६) द्वारा 'उलार उपन्यासमा सीमान्तीयता' शीर्षकमा आधारित अध्ययनमा सीमान्तीय सिद्धान्त र विश्लेषणका आधारमा कृति/रचनाको विमर्श गरिएको छ । शर्मा (२०७७) द्वारा गरिएको 'समकालीन नेपाली कथामा सीमान्तीयता' शीर्षकको लघु अनुसन्धान कार्यमा विशेषतः वि.सं. २०६० पछिका ११ वटा प्रतिनिधि कथा छनोट गरी तिनलाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

माथि उल्लेख गरिएका केही पूर्व साहित्यहरूको अध्ययनमा सीमान्तीय सिद्धान्त (चिन्तन)को सैद्धान्तिक पक्ष र विभिन्न कृतिको प्रायोगिक अध्ययन गरिएको छ। अध्ययनको उद्देश्य, अध्ययन विधि तथा प्रक्रिया र अध्ययनलाई प्रायोगिक बनाउने कार्यमा भने उक्त अध्ययनमा कमी देखिन्छ। उपर्युक्त अध्ययनहरू समकालीन नेपाली कथाको सीमान्तीय अध्ययनका तहसम्म पुग्न सकेका छैनन्। यही ज्ञानको रिक्तता पूरा गर्ने उद्देश्य प्रस्तुत अनुसन्धानले लिएको छ। जे होस्, उक्त अध्ययनले प्रस्तुत अनुसन्धानको सैद्धान्तिक र प्रायोगिक कार्य गर्न दिशानिर्देश गरेका छन्।

## सीमान्तीयताको सैद्धान्तिक आधार

'सीमान्तीय'को अङ्ग्रेजी शब्द 'सबाल्टर्न' हुन्छ। 'सबाल्टर्न' शब्दले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेका श्रमिक, सर्वहारा र उत्पीडित वर्ग/व्यक्ति/समूहलाई बुझाउँछ। सीमान्तीय शब्दलाई मोहनराज शर्माले 'अवरजन' भनेका छन्। उनले श्रेष्ठ नभएको वा तल्लो मानिसका रूपमा अवरजन अर्थात् सवाल्टर्नलाई लिँदै सलिजो र पल्ली उपन्यासमा तिरस्कृत पात्र 'भुइँमान्छे' शब्दको प्रयोग गरेका छन् (शर्मा, २०७०, पृ. ३१५)। समकालीन समालोचनामा देखिएका नवीन प्रवृत्तिमध्ये सीमान्तीय अध्ययन एक हो। सन् १९६० को दशकपछि पाश्चात्य समालोचनामा देखिएको उत्तर आधुनिकतावाद र त्यसभित्रको बहुलवादी चिन्तनसँगै सीमान्तीय अवधारणा आएको पाइन्छ। सीमान्तीय /अवरजन/सबाल्टर्नसम्बन्धी चर्चाको उठान सर्वप्रथम जर्मनीका दार्शनिक कार्ल मार्क्सले गरेका हुन्। मार्क्सले अर्थसँग जोडेर शासक र शासित दुई वर्ग सङ्घर्षको अवधारणा ल्याए। मार्क्ससँगै जर्ज प्लेखानोभ, जर्ज लुकाचलगायतले वर्ग सङ्घर्षका सन्दर्भमा सीमान्तीय अध्ययनको पृष्ठभूमि तयार पारे। यसो भए तापनि समसामयिक सन्दर्भमा सबाल्टर्नका उन्नायक, विस्तारक र विचारक इटालेली नवमार्क्सवादी एन्टोनियो ग्राम्सी (१९९१-१९३७) हुन्। ग्राम्सीले प्रभुता वा प्रभुत्व (हेजेमोनी)का सन्दर्भबाट सबाल्टर्नलाई हेरेका छन् (शर्मा, २०७०, पृ. ३१६)। ग्राम्सीपछि लुई अल्थुसर, अर्नेस्टो ल्याकल्याउ, चान्टाल मुफीलगायतले सबाल्टर्न अध्ययनलाई विकसित गरे। भारतीय इतिहासकार रञ्जित गुहा, गायत्री स्पिभाक तथा विनिर्माणवादी ज्याक डेरिडा, नवइतिहासवादी मिसेल फुकोका साथै सबाल्टर्न अध्ययन समूह (सन् १९८२), सीमान्त विकास मञ्च (सन् २००५) लगायत व्यक्ति र संस्थाको प्रयासबाट सीमान्तीय अध्ययनले सिद्धान्तका रूपमा उचाइ लिएको पाइन्छ। हाल यो सिद्धान्त उत्तर उपनिवेशवाद तथा सांस्कृतिक अध्ययनसँग सम्बन्धित देखिन्छ।

सीमान्तीय अध्ययनले अवरजन अर्थात् सीमान्तीकृतका आवाज तथा दिनचर्या र उत्पीडनलाई विषय बनाउँछ। सीमान्तीकृत एउटा स्थिर वा जड विषय नभई कुनै राज्य, समाज, रङ, जाति, लिङ्ग, समूह, घर परिवारलगायत देश, काल र परिस्थितिमा भिन्न रूपमा पाउन सकिन्छ। अर्थात् एउटै व्यक्ति पनि कुनै परिवेशमा सम्भ्रान्त र कुनैमा अधीनस्थ हुन सक्छ। सीमान्तीकृतहरू बोल्दैनन्, उत्पीडन विरुद्ध बोल्छन् र विद्रोह गर्छन् भन्ने तीन थरी मत देखिए पनि समग्रमा सीमान्तवादी लेखकले सबाल्टर्नका आवाजलाई उठाउँछन् (श्रेष्ठ, २०६८, पृ. XVII। साहित्य समालोचनाका माध्यमबाट उत्पीडनका

विरुद्धमा उठ्न र सङ्गठित हुन सहयोग पुऱ्याउँछन् । त्यसैले सीमान्तीय अध्ययनमा सीमान्तीकृतहरूका सामर्थ्य र सम्भावनाको खोजी गरिन्छ । अध्ययनमा सीमान्तीकृत पात्रको उपस्थिति, त्यस्ता पात्रको सङ्ख्या, प्रतिनिधित्व, पहिचान, कार्यव्यापार, भूमिका तथा चारित्रिक अभिलक्षणलगायत पक्षको खोजी गरिन्छ । कृतिमा अवरजनप्रति लेखकीय पक्षधरता, अवरजन पात्रको भाषा तथा सीमान्त वर्ग, समूहका राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिकलगायत पक्षको अध्ययन गरिन्छ । सीमान्तीय अध्ययनमा सीमान्त वर्गको स्वाधीनता, स्वतन्त्रता र आवाजको खोजी गरिन्छ । सत्ता, शक्ति र प्रभुता (हेजेमोनी) हत्याएर अवरजनका लागि दमनकारी एवम् विभेदकारी शक्ति भइदिने सम्भ्रान्त वा माथिल्ला वर्गका कैरनको पनि यसले अध्ययन गर्छ । सीमान्तीकृतहरू सङ्गठित हुन नसक्नु र भए पनि उनीहरूका आवाज सम्बन्धित पक्षले नसुन्नुजस्ता सीमान्तीकृतले भोगेका समस्याको समेत यसमा अध्ययन गरिन्छ । यसै सिद्धान्तका आधारमा प्रस्तुत अध्ययनमा 'थवाङ्को आकाशमुनि' कथालाई वर्गीय/आर्थिक, लैङ्गिक, उमेरगत र वैचारिक सीमान्तीयताका आधारमा विश्लेषण गरिएको छ । यसका साथै कथामा सीमान्त वर्ग/पात्रको स्थान, प्रभुत्व, प्रतिरोध र आवाजको समेत खोजी गरिएको छ ।

## अनुसन्धान विधि तथा प्रक्रिया

प्रस्तुत अनुसन्धानको ढाँचा गुणात्मक प्रकृतिको छ । अनुसन्धानको दर्शन व्याख्यावादी र पद्धति निगमनात्मक छ । यस अनुसन्धानको दार्शनिक पक्ष तथा सामग्री सङ्कलन र विश्लेषणका विधिलाई निम्नानुसार क्रमशः स्पष्ट पारिएको छ :

### दार्शनिक स्थिति

गुणात्मक अनुसन्धान ढाँचामा आधारित प्रस्तुत अनुसन्धान बहुल सत्यमा आधारित छ । व्याख्यावादी दर्शनले सामाजिक क्षेत्रका विविध सत्य तथ्यको खोजी गर्ने हुनाले कथाबाट प्राप्त सत्य (अन्टोलोजी) लाई पनि विभिन्न किसिमले अर्थ्याउन सकिन्छ । यसै गरी यस अनुसन्धानमा सीमान्तीय सिद्धान्त तथा प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त तथ्याङ्कलाई ज्ञानको स्रोत (इपिस्टोमोलोजी)का रूपमा लिइएको छ । यस्तो ज्ञान वस्तुगत नभएर विषयगत (सब्जेक्टिभ) प्रकृतिको रहेको छ । यस्तै अनुसन्धानबाट प्राप्त निष्कर्षलाई मूल्य (एक्जियोलोजी)का रूपमा लिइएको छ । यस्तो मूल्य सापेक्ष र उपयोगितावादी रहेको छ । अनुसन्धानमा तर्क र साक्ष्यलाई लम्बीय र क्षितिजीय आधारमा प्रस्तुत गरिएको छ ।

### तथ्याङ्क सङ्कलनका तरिका

प्रस्तुत अनुसन्धानमा 'थवाङ्को आकाशमुनि' कथालाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यसका लागि मूलतः पुस्तकालयीय कार्यमा आधारित भई तथ्याङ्क सङ्कलन गरिएको छ । हरिहर खनालद्वारा लिखित युद्धका पीडा (२०७१) कथासङ्ग्रहमा सङ्गृहीत र प्रज्ञा आधुनिक नेपाली कथा भाग ३ (२०७३) मा सङ्कलित 'थवाङ्को आकाशमुनि' कथालाई प्राथमिक स्रोतका रूपमा सङ्कलन गरिएको छ भने सन्दर्भ पुस्तक, अनुसन्धानमूलक लेख, शोध प्रतिवेदनहरू तथा विद्युतीय (अनलाइन) सामग्रीलाई द्वितीयक स्रोतका रूपमा लिई आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि समयको व्यवस्थापन र पुस्तकालयका नियमलाई ख्याल गरिएको छ ।

### तथ्याङ्क विश्लेषणका विधि

पुस्तकालयीय कार्यबाट सङ्कलित तथ्याङ्कलाई शीर्षकअनुसार सीमान्तीय सिद्धान्तका आधारमा कथाको विश्लेषण र मूल्याङ्कन गरिएको छ । सीमान्तीयता विश्लेषणका आधार वर्गीय, लैङ्गिक, जातिगत, वैचारिक, सांस्कृतिक, भौगोलिक र शैक्षिक रहेका छन् । यसैगरी कथालाई सीमान्तीय अध्ययनका तह (पहिचान, प्रतिनिधित्व र आवाज) तथा अधीनस्थ पात्रको स्वाधीनता, सामर्थ्य र सम्भावनाको पनि खोजी गरिएको छ । अनुसन्धानमा पूर्वअध्येतासँग आवश्यक संवाद गर्दै तर्क र साक्ष्यका आधारमा प्राज्ञिक जिज्ञासा र दाबीको खोजी गरिएको छ । यसरी गुणात्मक अनुसन्धान विधिको पूर्ण पालना गरी अनुसन्धनलाई गुणस्तरीयता र नैतिकताको सुनिश्चितता दिलाउने प्रयास गरिएको छ । अनुसन्धानमा मूलतः एपिए ढाँचाको उपयोग गरिएको छ ।

## नतिजा र छलफल

'थवाङ्को आकाशमुनि' कथामा सीमान्तीयता' शीर्षकमा आधारित प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धान ढाँचा, व्याख्यावादी दर्शन र निगमनात्मक समालोचना पद्धतिमा आधारित छ । शीर्षक चयनदेखि उद्देश्यको निर्धारण, सामग्रीको सङ्कलन र तिनको विश्लेषणसम्म गुणात्मक अनुसन्धान ढाँचालाई अवलम्बन गरिएको छ । समकालीन समालोचनामा देखिएको उत्तरआधुनकितावाद र त्यसभित्रको सीमान्तीय चिन्तन/प्रवृत्तिले किनारामा रहेका, दबिएका र हेपिएका तल्लो वर्गका आवाजविहीनहरूका आवाजको खोजी गर्छ र तिनलाई प्रकाशमा ल्याउँछ । यसै आधारमा प्रस्तुत अनुसन्धानमा पनि 'थवाङ्को आकाशमुनि' कथामा सीमान्तीयताको खोजी गरी तिनलाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार क्रमशः उल्लेख गरिएको छ :

### 'थवाङ्को आकाशमुनि' कथामा सीमान्तीय पक्षको पहिचान

हरिहर खनालद्वारा लिखित 'थवाङ्को आकाशमुनि' कथा प्रज्ञा आधुनिक नेपाली कथा भाग ३ (२०७२) मा सङ्कलित वर्गीय द्वन्द्वका दृष्टिले सशक्त सीमान्तीय विषयवस्तुको प्रयोग भएको कथा हो । विशेष गरी सरकार र विद्रोही पक्षबिचको द्वन्द्व (२०५२-२०६२) को पृष्ठभूमिमा रचिएको प्रस्तुत कथामा द्वन्द्वका कारण नेपालका गाउँ गाउँमा परेको दुष्प्रभावको चित्रण कथामा गरिएको छ । कथामा उच्च/शासक/सामन्त/सम्भ्रान्त/उपनिवेशक वर्गका रूपमा तत्कालीन सरकार र त्यसको विचारधारात्मक अङ्ग (सेना, प्रहरी, प्रशासन, सञ्चार आदि) देखिन्छन् भने निम्न वर्ग/अधीनस्थ वर्ग/शासित/उपनिवेशित वर्गका रूपमा थवाङ् गाउँका मनसिरी, धनमाया, शिवराम, शकुन्तला, दीपक, कम्ब्याट ड्रेसका युवायुवती रहेका छन् । नेपथ्य तर महत्वपूर्ण पात्रका रूपमा कृष्ण सेन 'इच्छुक' छन् । यसैगरी सहायक पात्रका रूपमा पत्रकार, लेखक, मानव अधिकारकर्मी देखिन्छन् । आफ्नो राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक हक अधिकारको खोजी गर्दा तत्कालीन सरकार पक्षबाट समातिएर मारिएका कथित विद्रोही पक्षका कारुणिक र मार्मिक कथा व्यथाको अभिव्यक्ति कथामा पाइन्छ ।

तत्कालीन सरकार पक्षद्वारा युवा तथा पुरुषहरू मारिएपछि र गाउँमा बस्ने अवस्था नभएपछि एक्लै भएका महिलाहरूले एक्लै हलो जोत्ने, मकै लगाउने, गोठ घर गर्ने र त्रासमा बाँच्नुपर्ने अवस्था आउँछ। जनताको मुक्तिका लागि राष्ट्रभक्तिका गीत गाउने, चेतना र जागरणका सन्देश सुनाउने कृष्ण सेन 'इच्छुक' जस्ता व्यक्तिहरू सरकारी प्रभुताका कारण मारिन्छन् (खनाल, २०७२, पृ. १४८)। गाउँ गाउँमा उज्यालो छर्ने, जनताका छोराछोरीलाई सही मार्गमा हिँडाउने र निष्पक्ष बोल्ने शिवराम जस्ता शिक्षकहरू विद्रोही पक्षलाई सहयोग गरेको बहानामा सेना प्रहरीद्वारा गोली लागी आफ्नै आँगनमा गर्ल्याम्म ढल्न बाध्य हुन्छन्। यसैगरी घरमा बस्न सक्ने अवस्था नभएपछि ज्यान बचाउन दीपकजस्ता बालक हुलका हुल रातारातै काला पहाडतर्फ भाग्न बाध्य हुन्छन् भने छोरी शकुन्तलाजस्ता अबोध बालिकाहरू मुक्तिको लडाइँमा हाम फाल्छन् (खनाल, २०७२, पृ. १५४)। फलस्वरूप गाउँमा स्वास्नी र बुढाबुढीबाहेक कोही हुँदैनन्। यसो हुनुको कारण देशमा बढ्दो वर्गीय असमानता नै हो। नेतृत्वले प्रभुता (हेजेमोनी) को उपयोग गरी हुने खानेका लागि मात्र सुविधा दिने र सीमान्त क्षेत्र/वर्गका व्यक्तिहरू सधैँ सीमान्तीकृत/किनारीकृतकै रूपमा रहँदा ग्राम्सीले भने झैँ बैकल्पिक/अर्गानिक बुद्धिजीवीको निर्माण टाढा गाउँगाउँसम्म बन्न पुगेको देखिन्छ (आचार्य, अनु. २०६२, पृ. १३२)। प्रभुताको प्रयोग जब सीमान्त वर्गले गर्न पाउँदैन, त्यसबेला समाज परिवर्तन र अधिकार प्राप्तिका लागि वैकल्पिक प्रभुता स्थापित गर्न सीमान्त वर्ग सङ्गठित हुनुपर्ने धारणा ग्राम्सीको छ र थवाङ्वासीहरू सोही दिशातर्फ लागेको देखिन्छ।

कथामा विविध सन्दर्भका आधारमा कथामा वर्गीय/आर्थिक, राजनीतिक, लैङ्गिक, उमेरगत तथा सांस्कृतिक सीमान्तीयता देखिन्छ। आफ्नो आर्थिक, राजनीतिक हक अधिकारका लागि थवाङ्वासीहरू सङ्गठित भई सशक्त बन्न खोजेको देखिन्छ तर यिनीहरूका प्रयास शासक वर्गका अगाडि निरर्थक हुन्छन्। कृष्ण सेनजस्ता सचेत युवा मुक्तिको मार्ग खोज्ने क्रममा मारिन्छन्। शिवरामजस्ता शिक्षकलाई गोली हानेर ढालिन्छ। दीपक र सकुन्तलाजस्ता बालपात्र गाउँ छोडेर विद्रोहमा निस्कन बाध्य हुन्छन्; कोही कालापहाड पस्छन्। कथामा लेखकको समर्थन सीमान्त वर्गप्रति छ। कथामा अवरजनको भाषाले महत्व पाएको छ। अधीनस्थ वर्गको सामर्थ्य र सम्भावना प्रचुर हुँदा हुँदै पनि त्यसले सफलता प्राप्त गरेको छैन। उनीहरूको परिवार स्वाधीन र स्वावलम्बी हुनभन्दा झन् कमजोर र त्रसित बनेका छन्, जसलाई धनमाया र मनसिरीका चारित्रिक अभिलक्षणले पुष्टि गर्छ। कथामा सीमान्त वर्गको आवाज सशक्त र परिणाममुखी बन्न सकेको छैन, विद्रोही चेत छ, तर सम्भ्रान्त वर्ग/सरकारको दमनका कारण उनीहरूका चेतना र विद्रोहले स्थान पाएको देखिँदैन। अतः कथामा सीमान्त वर्ग आवाजविहीन र उत्पीडित रूपमा नै देखिन्छन्। सम्भ्रान्त वर्गले मात्र प्रभुताको उपयोग गरेको पाइन्छ।

## सीमान्तीय अध्ययन क्षेत्रका आधारमा 'थवाङ्को आकाशमुनि' कथाको विश्लेषण

सीमान्तीय अध्ययन एक उत्तरआधुनिक चिन्तन हो। उत्तरवर्ती साहित्य सिद्धान्त तथा समालोचना पद्धतिअन्तर्गत पर्ने बहुलवादी चिन्तनसँगै सीमान्तीय अवधारणा आएको पाइन्छ। मार्क्सवादबाट सुरु भएको सीमान्तीय अध्ययन अहिले उत्तरउपनिवेशवादसँग सम्बन्धित छ। मार्क्सले अर्थका आधारमा

समाजमा सम्भ्रान्त र उत्पीडित गरी दुई वर्ग देखे । यसपछि ग्राम्सी, स्पिभाक, रञ्जित गुहालगायतले सीमान्तीयता ठोस वा स्थिर हुँदैन, यो देश, कालसापेक्ष हुन्छ भन्दै सीमान्तीयताका आर्थिक, राजनीतिक, सामाजिक सांस्कृतिकलगायत स्वरूप हुने धारणा राखे (शर्मा, २०७०, पृ. ३१६-३१९) । सबाल्टर्नहरू निमुखा, निम्नस्तरका र आवाजविहीनहरू हुन् । यिनीहरू श्रमजीवी वर्गका हुन् र यिनीहरू सधैँ अरूका लागि बाँच्छन् । यिनीहरूसँग सामर्थ्य र सम्भावना हुँदाहुँदै पनि सधैँ पराश्रित नै हुन्छन् । यिनीहरू बोल्दै नन्, उत्पीडनविरुद्ध बोल्छन् र विद्रोह गर्छन् साथै यिनीहरूलाई बोल्न लगाउनुपर्छ भन्ने तीन थरी मत भए पनि समग्रमा सीमान्तवादी लेखकले सबाल्टर्नका आवाजलाई उठाउँछन् । साहित्यका माध्यमबाट उत्पीडनका विरुद्ध उठ्न सङ्गठित हुन सहयोग पुऱ्याउँछन् भन्ने मान्यता सीमान्तीय अध्ययनमा पाइन्छ । तर यिनीहरूले आफ्ना आवाजलाई सम्बन्धित पक्षसम्म पुऱ्याउन निरन्तर सङ्घर्ष गर्नुपर्छ । सामाजिक संरचनाको रूपान्तरण हुन नसकेसम्म समाजमा दमित वर्गले मुक्ति बोध गर्न पनि नसक्ने मान्यता यसमा पाइन्छ (शर्मा, सन् २०१९-२०, पृ. ३३) । अतः सीमान्तीय साहित्य र समालोचनाले सीमान्तीकृतका आवाजलाई बाहिर ल्याई समाज रूपान्तरणमा सहयोग पुऱ्याउनु पर्ने मान्यता राख्छन् ।

समाजमा शोषण जाति, धर्म, रङ्ग, लिङ्ग, अर्थ आदिका आधारमा हुने गर्छ र शोषकका विरुद्धमा शोषितहरूका विरोधले परम्परागत मान्यतालाई भत्काएर नयाँ निर्माणका लागि आन्दोलन गर्छ र यो नवचेतनाको झिल्काले केन्द्र भङ्ग गर्नतिर आवाज उठाउँछ (त्रिपाठी, २०६७, पृ. १३३) । यसैगरी सीमान्तीकृत एकै किसिमको नभई स्थान सापेक्ष फरक फरक खालको हुने गर्छ, राजनीतिक, सामाजिक, आर्थिक आदि । अलग अलग भएर पनि यी समस्या अन्तरसम्बन्धित भने हुन्छन् । साहित्यमा आउँदा ती समस्याहरूको सम्बन्ध लेखक वा पात्रका स्वचेतनासँग रहन्छ । अरूबाट हामी शोषित छौँ र हामीभित्रबाट पनि हामी शोषित छौँ भन्ने बोध उपनिवेशका तहमा विश्लेषण गरिने विषय हो । यसै सन्दर्भमा 'थवाङ्को आकाशमुनि' कथालाई सीमान्तीय सिद्धान्त/अध्ययन क्षेत्रका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

### *वर्गीय/आर्थिक सीमान्तीयता*

अर्थ वा पुँजीका कारण उत्पन्न उत्पीडन वा सीमान्तीकृतको अवस्था वर्गीय/आर्थिक सीमान्तीयता हो । मार्क्सले अर्थलाई आधार मान्दै यसका आधारमा समाजमा उत्पीडनको अवस्था आउँछ भन्ने मान्यता राख्छन् भने परवर्ती ग्राम्सी, अल्थुसरलगायतले लैङ्गिकता, जातीयता तथा विचारधाराबाट पनि समाजमा विभेद पाइने धारणा राख्छन् (पाण्डे, २०७३, पृ. ६१-६३) । कमजोर आर्थिक अवस्थाले पनि व्यक्तिगत जीवनमा ठुलो समस्या ल्याउँछ । अर्थकै आधारमा लैङ्गिक तथा जातीय उत्पीडन देखापर्छ । सामाजिक दृष्टिले उपेक्षित हुनमा पनि गरिबी पहिलो कारण नै बन्ने गर्छ ।

'थवाङ्को आकाशमुनि' आर्थिक दृष्टिले विपन्न र सीमान्तीय बनेका परिवारको चित्रण गरिएको कथा हो । आर्थिक विकास र सामाजिक चेतनाका लागि आवाज उठाउँदा थवाङ्का युवाहरू सरकारी दमनबाट मारिन्छन् । धनमाया र मनसिरीका पति तथा कृष्ण सेन 'इच्छुक' र शिवराम शिक्षक मारिनुको कारण आर्थिक पक्ष नै रहेको देखिन्छ । ससाना सामाजिक समस्या समाधानका लागि आवाज उठाउँदा

पनि सम्भ्रान्त वर्ग अर्थात् अभिजात वर्ग कति निष्ठुर र क्रूर बन्छ भन्ने उदाहरण थवाङ्वासीलाई जिउँदै गोली ठोकेर मारिएको घटनाले पुष्टि गर्छ (खनाल, २०७२, पृ. १५२) । खेती किसानी, घर गोठ र सामान्य शिक्षक जागिर गरेर जीविकोपार्जन गरेका थवाङ्वासीको कहालीलाग्दो मरण कम संवेदनशील छैन । बाबुलाई प्रहरीले ढलाएपछि भागेको शिवरामको छोरो दीपकले दिल्लीको एउटा होटलमा ज्याला मजदुरी गरी जीवन निर्वाह गर्नु र शिवरामकी छोरी शकुन्तला मुक्तिका लागि घर छोडी हिँड्नु आर्थिक विपन्नताकै परिणाम हुन् । आफ्ना श्रीमान्को दुखद् हत्यापछि एक्ला भएका मनसिरी र धनमायाले आफैँले हलो जोत्नु पर्ने, घरगोठको काम एक्लै भ्याउनु पर्ने तथा डर र त्रासमा बाँच्नु पर्ने अवस्था आएको पनि यही आर्थिक तथा वर्गीय विपन्नता, सीमान्तता र उपेक्षितता नै हो ।

## *लैङ्गिक सीमान्तीयता*

लैङ्गिक अध्ययन साहित्य समालोचनाको नवीन अवधारणा हो । यसको विषय समकालीन समाजका पुरुष, महिला, तेस्रो लिङ्गी, राज्यको लैङ्गिक नीति, पितृसत्ता, समलैङ्गिकता, विषम लैङ्गिकता आदि पर्दछन् । यसका अतिरिक्त लैङ्गिक विभेद शरीर राजनीतिजस्ता राजनीतिक विशेष पनि लैङ्गिक अध्ययनभित्र समेटिन्छन् (भट्टराई, २०६८, पृ. २६१) । समाजमा महिला र पुरुषको अवस्था, लैङ्गिक विभेदका कारणलगायत पक्षको अध्ययन साहित्यिक कृतिका माध्यमबाट गरिन्छ । हाम्रो समाज परम्परादेखि पितृसत्तात्मक भएका कारण साहित्य, दर्शन, पुराण आदिमा पुरुषलाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार दिइयो भने महिलाहरू यस्ता भूमिकाबाट वञ्चित भए तर अहिले भने नारी पुरुषमा प्रायः समानता भनिए पनि व्यवहारमा सोअनुकूल कार्यान्वयन हुन सकेको देखिँदैन । वर्गीय दृष्टिले कमजोर महिला लैङ्गिक दृष्टिले पनि विभेदमा परेका कयौँ दृष्टान्त भेटिन्छन् । यस सन्दर्भमा त्रिपाठी भन्छिन्- एकातर्फ नारीलाई देवी र सरस्वतीको उपमा दिएर छोरी, आमा, पत्नी आदिका तहमा सीमित गरेर मानवीय मूल्यका हकमा दोस्रो दर्जाको व्यवहार गरियो भने अर्कातर्फ कोमलताका कारण नारी सबै कुरा सहँदै जाने र अत्यन्त नाजुक परिस्थितिमा बाँच्ने निरीह पात्रका रूपमा परिणत भए । पछिल्लो समय नारी मुक्तिका लागि विद्रोही चेतना त सुरु भयो तर पनि लैङ्गिक विभेदका गहिरा असर हरूले सीमान्तीकृतका अवशेषहरू जरैदेखि फालिन सकेनन् (२०६७, पृ. १३७) । महिलाको भूमिकाजन्य समस्याका यिनै पृष्ठभूमिमा पुरुष तथा तेस्रो लिङ्गीहरूका पनि आफ्नै प्रकारका समस्या रहेको पाउन सकिन्छ ।

'थवाङ्को आकाशमुनि' कथामा प्रहरी प्रशासनबाट माओवादीको बहानामा आफ्नो लोग्नेको मृत्युपछि वैधव्य जीवन व्यतीत गर्न पुगेका मनसिरी र धनमायाले एक्लो नीरस जीवन बिताउन बाध्य छन् । उनीहरूले खेतबारीमा गई आफैँ गोरु तारेर हलो जोती मकै लगाउँछन् (खनाल, २०७२, पृ. १४३-१४४) । धनमायाका छोराछोरीसमेत प्रशासनले मारेको छ भने मनसिरीको छोरो दीपक प्रशासनको डरले रातमै भागेर काला पहाड हुँदै दिल्ली पुगेर एउटा होटलमा ज्याला मजदुरी गर्न विवश छ भने छोरी शकुन्तला घरमै बसेर प्रशासनद्वारा मरिने डरले जनताको मुक्तिका लागि घर छोडेर हिँड्छे । थवाङ्का मनसिरी र धनमाया छोराछोरी र पतिको पीडा सहँदै सन्नाटा त्रसित र कृष्टपूर्ण जीवन बिताउन बाध्य

छन् । यिनीहरू सम्भ्रान्त वर्ग, प्रशासन तथा उपनिवेशबाट उपनिवेशित र सीमान्तीकृत बनाइएका पात्र हुन् । यसर्थ धनमाया, मनसिरी, शकुन्तलालगायत नारी पात्रहरू कथामा लैङ्गिक सीमान्तीयताका ज्वलन्त उदाहरण हुन् ।

### *उमेरगत (बाल-वृद्ध) सीमान्तीयता*

उमेरगत सीमान्तीयताभित्र बाल, वृद्ध, अशक्तलगायत सीमान्तीयता पर्दछ । यस्ता पात्रहरू आर्थिक दुरवस्था र राज्यको उपेक्षाका मारमा परेका हुन्छन् । 'थवाङ्को आकाशमुनि' कथामा बाल पात्र दीपक र शकुन्तला देखिन्छन् । बाबु शिवरामलाई सरकारी पक्षबाट गोली हानेर मारिएपछि जोगिनका लागि राति नै काला पहाड हुँदै दिल्ली पुगेर दिल्लीको एउटा होटलमा ज्याला मजदुरी गरेर (खनाल, २०७२, पृ. १५४) कष्टपूर्ण दिन बिताइरहेको छ भने मनसिरीकी छोरी, दीपककी बहिनी, जुन स्कुल पढ्दै गरेकी बालिका एक्ली आमालाई घरमा छोडेर जनमुक्तिका लागि भनेर घर छोडेर निस्कन्छे :

समय त्यसको गतिमा हिँड्दै थियो । केही दिनपछि कलरमा रातो तारा भएका ती मान्छेहरू फेरि त्यहाँ पुगे । त्यो दिनमा पनि शकुन्तला घरमा एक्लै थिई । "शकुन्तला बैनी", त्यसका आँखामा आँखा अड्याएर उसकी साथीले भनी, "तिम्रा बुबाको के अपराध थियो भन त बैनी ? के त्यो कुराले तिमीलाई पोलेको छैन ?" शकुन्तलालाई लाग्यो, उसले ठिकै भन्दै छ । शकुन्तलाले मनमनै अठोट गरी र आफैसित भनी "जे त होला, परी आएको टर्ला ।" त्यसले यसरी सोची र मसक्क आँटेर हिँड्ने विचार गरी । आमा तल्लो बारीमा गएकी, आइपुगेकी थिइनन् । शकुन्तलाले ढोका ढेपी र पिँढीबाट तल झरी, त्यसबाट ज्ञानको खोजीमा राजपाट त्यागेर अनन्तः यात्रामा हिँडेको सिद्धार्थझैँ शकुन्तला पनि तिनीहरूसँगै त्यहाँबाट हिँडी । केही बेरमा नै तिनीहरू गाउँको सिरानमा पुगे र एकैछिनपछि डाँडाको नाक काटेर पल्लो भेकतिर लागे (खनाल, २०७३, पृ. १५३-१५४) ।

यसबाट दीपक र शकुन्तला सरकारी दमन र प्रभुताका कारण सानै उमेरमा सीमान्तीय/अधीनस्थ बन्न बाध्य हुन्छन् । यिनीहरूमा अस्तित्वको बोध छ, प्रतिरोधको आवाज देखिन्छ तर आवाजले स्थान पाएको छैन ।

### *वैचारिक सीमान्तीयता*

व्यक्ति वा वर्गका विचार वा भावना फरक फरक हुन्छन् । यिनै विचारमा भिन्नताका कारण सीमान्तीयता देखिन्छ । वर्ग, जाति, उमेर, स्थान आदिका कारण व्यक्ति/समूहका विचारमा भिन्नता पाइन्छ । एउटा विचारले अर्को विचारलाई सम्मान नगर्ने, हेप्ने, पेल्ने र उपेक्षा गर्ने नियतका कारण समाजमा वैचारिक द्वन्द्व हुन्छ । वैचारिक द्वन्द्व अन्ततोगत्वा भौतिक द्वन्द्वमा परिणत हुन्छ ।

'थवाङ्को आकाशमुनि' कथामा राज्यसत्ता र उसका संयन्त्र (प्रहरी, सेना) सम्भ्रान्त वर्ग तथा कृष्ण सेन 'इच्छुक', शिवराम पुन, उसकी पत्नी मनसिरी, धनमाया, दीपक, शकुन्तलालगायत पात्र सीमान्तीकृत रूपमा देखिएका छन् । सम्भ्रान्त वर्गले राज्यमा आफ्नो प्रभुता कायम गर्न खोजेको छ भने सीमान्त वर्गले गाउँ तथा समाजमा समानता, स्वतन्त्रता, स्वाधीनता, मानवता र विकास चाहेका छन् ।

देशमा सदियौँदेखिको अन्यायका विरुद्धमा सीमान्त वर्गले आवाज उठाएको छ । पोहोर सालमात्र कृष्ण सेन 'इच्छुक' ले 'मेरो प्यारो थवाङ, तिमीलाई सलाम' भनेर कविता सुनाएका थिए । आज तिनलाई र ाजद्रोही भनेर राज्य पक्षबाट गोली ठोकिएको छ (खनाल, २०७२, पृ. १४८) । माओवादीलाई सघाएको आरोपमा गाउँका निर्दोष शिक्षक शिवरामलाई उसको घर आँगनमै गोली ठोकेर मारिएको छ । शिवर ामकी छोरी शकुन्तला राज्य सत्ता परिवर्तनका लागि जनमुक्ति सेनामा हिँडेकी छ भने देशमा शान्ति र स्थिरता कायम हुने आशामा शिवरामको छोरो दिल्लीको होटलमा मजदुरी गरी बसेको छ । मनसिरी र धनमायाले परिवर्तन र शान्तिको कामना गर्दै कष्टपूर्ण वैधव्य जीवन विताएका छन् । अतः कथामा सम्भ्रान्त वर्ग र अधीनस्थ वर्गका दुई भिन्न विचारका बिच द्वन्द्व छ । सम्भ्रान्त वर्गले आफ्नो प्रभुता जमाएको छ । गाउँलेहरू कष्टपूर्ण र यातनापूर्ण सन्त्रासको जीवन बिताउन बाध्य छन् ।

## 'थवाङ्को आकाशमुनि' कथामा सीमान्त वर्गको स्थान, प्रभुत्व, प्रतिरोध र आवाज

सीमान्तीयता निरूपणको मूल आधार सीमान्तीय पात्र/वर्गको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध र आवाज हो । 'थवाङ्को आकाशमुनि' कथामा मनसिरी, धनमाया, कृष्ण सेन 'इच्छुक', शिवराम पुन, दीपक, शकुन्तला सीमान्तीकृत र उपेक्षित छन् । यिनीहरू राज्य संयन्त्र (विचारधारा) बाट सताइएका मात्र होइन मारिएका छन् । सरकारविरोधी क्रियाकलाप गरेको अभियोगमा कृष्ण सेन 'इच्छुक' मारिन्छ भने माओवादीलाई सघाएको आरोपमा शिवराम पुनलाई आफ्नो आँगनमा गोली हानी ढालिन्छ । यसबाट आहत भएका शिवराम पुनको छोरो दीपक र छोरी शकुन्तला घर छोडी जनमुक्ति अभियानमा लाग्छन् । यसबाट कथामा सीमान्तीकृत पात्रको पहिचान बनिसकेको छैन, उनीहरूका लागि सुरक्षित स्थान बन्न सकेको छैन । विधवा मनसिरी छोराछोरीको पीडामा छट्पटिएकी छ भने धनमाया एक्लो जीवन विताइरहेकी छ । राज्य पक्षबाट उनीहरूलाई सहारा दिनुको सट्टा भवितव्य अपराधबाट सशङ्कित पारिएको छ । कथामा सरकार र त्यसको विचारधारा (संयन्त्र) अभिजात्य वर्गका रूपमा देखिन्छ भने यसले प्रभुताको प्रयोग गरिरहेको छ । यस्तो प्रभुताको प्रयोग सीमान्त वर्गले गर्न पाएको छैन । कथाका सीमान्त पात्रमा प्रतिरोधको भावना छ तर सशक्त बनिसकेको छैन । कृष्ण सेन र शिवर ाम सरकारी सेनाबाट मारिँदा पनि उनीहरूले सामान्य अभिव्यक्ति बाहेक कडा प्रतिरोध गरेका छैनन् । गाउँका अन्य मानिसमा पनि प्रतिरोधभन्दा त्रास बढी छ । यसबाट सम्भ्रान्त वर्गका अगाडि सीमान्तीकृत पात्रहरू निरीह र त्रसित छन् । सीमान्त पात्रका आवाजको सम्बोधन भएको छैन ।

'थवाङ्को आकाशमुनि' कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

तालिका १

*'थवाङ्को आकाशमुनि' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| कृष्ण सेन 'इच्छुक' | अधीनस्थ | - | - | + | + | – | + | – | + |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शिवराम | अधीनस्थ | - | - | + | + | – | + | – | + |
| मनसिरी | अधीनस्थ | - | - | + | – | – | – | – | + |
| धनमाया | अधीनस्थ | - | - | + | – | – | – | – | + |
| दीपक | अधीनस्थ | - | - | + | – | – | – | – | + |
| शकुन्तला | अधीनस्थ | - | - | + | – | – | – | – | + |
| पत्रकार | अधीनस्थ | - | - | + | – | – | + | – | + |
| मानव अधिकारकर्मी | अधीनस्थ | + | + | + | – | – | + | – | + |
| सेना/प्रहरी | सम्भ्रान्त | + | + | + | + | + | + | + | - |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान प्रतिरोध र आवाज भए पनि उनीहरूको स्थान सुरक्षित छैन, आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन ।

## निष्कर्ष

हरिहर खनालद्वारा लिखित 'थवाङ्को आकाशमुनि' कथा उत्तरआधुनिक चिन्तनअन्तर्गत सीमान्तीय विषयमा आधारित कथा हो । कथामा थवाङ् गाउँका मनसिरी, धनमाया, शिवराम, शकुन्तला, दीपक र कम्ब्याट ड्रेसका युवा युवती सीमान्त वर्ग/पात्रका रूपमा देखिएका छन् भने तत्कालीन सरकार र त्यसका विचारधारात्मक अङ्ग (सेना, प्रहरी, प्रशासन, सञ्चार सम्भ्रान्त/शासक/सामन्त/उपनिवेशक वर्गका रूपमा देखिन्छन् । कथामा आर्थिक, लैङ्गिक र वैचारिक सीमान्तीयता सघन रूपमा देखिन्छ भने भौगोलिक, जातीय, उमेरगत तथा सांस्कृतिक सीमान्तीयता मुख्य सीमान्तीय पक्षसँग अन्तर्घुलन भएर आएका छन् । नेपालको परम्परागत राजनीतिक, सामाजिक र सांस्कृतिक संरचनाका कारण भिन्न विचार, क्षेत्र र समूहका पात्र/वर्ग सधैँ सम्भ्रान्त वर्गबाट उपेक्षित र किनारीकृत छन् । आफ्नो राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक हक अधिकारको खोजी गर्दा तत्कालीन राज्य पक्षबाट समातेर मारिएका कथित विद्रोही पक्षका कारुणिक र मार्मिक कथा व्यथाको अभिव्यक्ति कथामा पाइन्छ । कथामा सीमान्त वर्ग/पात्रको स्थान र पहिचान बनेको देखिँदैन । यिनीहरूको आवाज छ तर सङ्गठन सशक्त देखिँदैन । प्रतिरोध छ तर त्यसको सम्बोधन भएको छैन । कथामा सम्भ्रान्त वर्गले परम्परादेखि प्रभुता (हेजोमोनी) को उपयोग गरिरहेको छ तर त्यसबाट सीमान्तीकृत वर्ग/पात्र वञ्चित छ । कथामा सीमान्त वर्ग/पात्र स्वतन्त्र र स्वाधीन बन्न सकेका छैनन् । यिनीहरू सधैँ सम्भ्रान्त वर्गका माध्यम वा साधन मात्र बनेका छन् । बरु यिनीहरूसँग सामर्थ्य र सम्भावना प्रचुर छ, त्यसको दोहन राज्य पक्ष र तिनका विचारधारात्मक संयन्त्रबाट भएको छ । कथामा लेखक सीमान्त पात्रका पक्षमा बोलेका छन्, उनीहरूका भावनाप्रति संवेदनशील देखिन्छन् । यसर्थ कथामा मानवताको ह्रास भएको छ र सामाजिक न्याय हराएको देखिन्छ । अतः राज्यको संरचनामा परिवर्तन नआएसम्म र सम्भ्रान्त वर्गका विचारमा उदारता तथा सीमान्त वर्गमा सचेतता र सशक्त प्रतिरोधी क्षमता आएसम्म समाजमा समानता, स्वतन्त्रता र मानवता कायम हुन असम्भव देखिन्छ ।

## सन्दर्भ सामग्री

आचार्य, पुष्पराज, अनु. (२०७३), बुद्धिजीवीको निर्माण, एन्टोनियो ग्राम्ची, मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू, सम्पा. प्रा.डा. कृष्णचन्द्र शर्मा, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १२५-१३३ ।

खनाल, हरिहर (२०७२), थवाङ्को आकाशमुनि, प्रज्ञा आधुनिक नेपाली कथा, भाग ३, सम्पा. मातृका पोखरेल, इस्माली र लक्ष्मणप्रसाद गौतम, पृ. १४२-१५५ ।

चालिसे, केशवराज (सन् २०२०), अँधेरी गाउँ कथा र मैदारोमा मिथ मेकिङ सबाल्टर्न, जेजेआइएस, भोलुम ९, इस्यु १, जुलाई, पृ. २२-३४ ।

ज्ञवाली, शिवशरण, (२०७५), पछबरिया टोल कथामा सीमान्तीयता, हाम्रो पुरुषार्थ, वर्ष ४६, अङ्क २, सम्पूर्णाङ्क ८१, पृ. ४३-५१ ।

त्रिपाठी, गीता (२०६७), काँचको गिलास कथाको सीमान्तीय अध्ययन, कृति विश्लेषण : प्रायोगिक आयाम, रत्न पुस्तक भण्डार, पृ. १३१-१४४ ।

पाण्डे, हेमलाल, अनु. (२०७३), विचारधारा र राज्यका विचारधाराका अङ्गहरू, मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू, सम्पा. प्रा.डा. कृष्णचन्द्र शर्मा, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. २६१-२८४ ।

पाण्डेय, ताराकान्त (२०७३), साल्गीका बलात्कृत आँसु कथाको बहुसांस्कृतिक अध्ययन, मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, साझा प्रकाशन, पृ. ९२-१०४ ।

बराल, ऋषिराज (२०७३), मार्क्सवाद र सबाल्टर्न अध्ययन, साझा प्रकाशन ।

बस्नेत, वसन्त (डिसेम्बर २६, २०११), सबाल्टर्नकी वाचाल स्पिभाक, ब्लग पोस्ट डट कम ।

भट्टराई, रमेशप्रसाद (२०६८), लैङ्गिक समालोचना, रत्न बृहत् नेपाली समालोचना, सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७०), अवरजन अध्ययन र साहित्य, भृकुटी, भाग १९, असार, पृ. ३१५-३२५ ।

शर्मा, विष्णुप्रसाद (२०७६), उलार कथामा सीमान्तीयता, प्राज्ञमञ्च, वर्ष ३२, अङ्क १६, पृ. ३५४-३६१ ।

शर्मा, विष्णुप्रसाद (२०७७), समकालीन नेपाली कथामा सीमान्तीयता, लघु अनुसन्धान प्रतिवेदन, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, अनुसन्धान समिति, पोखरा ।

शर्मा, विष्णुप्रसाद (२०७७), प्रभु माइला कथामा सीमान्तीयता, अवधारणा, पूर्णाङ्क ६, मङ्सिर पृ. ३५-४४ ।

शर्मा, विष्णुप्रसाद (सन् २०१९-२०), समकालीन नेपाली सीमान्तीय कथा, प्रवासन, वर्ष ३, अङ्क २, पूर्णाङ्क ६, पृ. ३२-४१ ।

शर्मा, विष्णुप्रसाद (सन् २०२०), समकालीन नेपाली कथामा प्रयुक्त सीमान्त पात्रको पहिचान, प्रभुत्व र आवाज, पृथ्वी जर्नल अफ रिसर्च एन्ड इन्नोभेसन, भोलुम २, डिसेम्बर १५, पृ. ५८-७३ ।

श्रेष्ठ, तारालाल (२०६८), शक्ति, स्रष्टा र सबाल्टर्न, डिस्कोर्स पब्लिकेसन ।

सुब्बा, मनप्रसाद (सेप्टेम्बर २०११), केन्द्र बनाम किनारा, किनारा विमर्श, सम्पा. मनप्रसाद सुब्बा र रेमिका थापा, गामा प्रकाशन, पृ. १०-२० ।